सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

**स्वःघोषणा अवधिः २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त**

## १. तरकारीबाली विकास केन्द्रको स्वरुप तथा प्रकृति

नेपालको आर्थिक विकासका लागि विशेष गरी तरकारी खेतीले महत्वपूर्ण योगदान दिन सक्ने कुरालाई दृष्टिगत गरी कृषि मन्त्रालयको तत्कालिन संरचना अनुसार विक्रम सम्वत् २०३० सालमा तरकारी बीउ उत्पादन केन्द्रको स्थापना भएको हो । स्थापना काल देखि नै यो केन्द्रले तरकारी बालीहरूको जातीय विकास कार्य गर्दै आएको छ । तत्कालिन अवस्थामा यस केन्द्रद्वारा केही तरकारी बालीहरूका उत्कृष्ट जातहरू छनौट गरी उन्नत जातहरूको विकास गरेको थियो र ती जातहरू मध्ये तत्कालिन नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयले उन्मोचित गरी व्यवसायिक तरकारी खेतीको लागि सिफारिस गरिएको छ ।

कृषि तथा सहकारी मन्त्रालय तथा कृषि विभाग अन्तर्गतका सबै अनुसन्धान आयोजनाहरूको योजना कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण सम्बन्धि कार्य हालको नेपाल कषि अनुसन्धान परिषद्बाट गराउने गरी मिति २०४४/०७/२५ को नेपाल सरकार मन्त्री परिषदको निर्णयानुसार तरकारी बाली सम्बन्धी अनुसन्धानात्मक कार्यहरू ने.कृ.अ.प.लाई जिम्मा दिएपछि तरकारी बाली सम्बन्धि अनुसन्धान कार्यहरू बागवानी अनुसन्धान महाशाखाले गरिरहेको छ भने यस केन्द्रले मुख्यतय तरकारी बालीहरूको विभिन्न जातहरूका प्रजनन एवं मूल बीउ उत्पादन गरी जातीय सम्वर्द्धन कार्यलाई निरन्तरता दिनुको साथ-साथै तरकारी बेर्ना उत्पादन तथा तरकारी खेतीमा संलग्न कृषकहरूलाई प्राविधिक सेवा-टेवा दिइरहेको छ ।

नेपाल सरकारको २०७५ साल श्रावण १ को निर्णयबाट लागु भएको पछिल्लो संरचना अनुसार संघीय सरकार अन्तर्गतको राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र मातहत रहने गरी यस फार्मको नाम तरकारी बाली विकास केन्द्र स्विकृत भई आ.व.२०७५/७६ बाट तरकारी बाली विकास केन्द्रको नामबाट विभिन्न कार्यक्रमहरु सन्चालन भईरहेका छन् ।

## २. तरकारीबाली विकास केन्द्रको काम, कर्तव्य र अधिकार

वर्तमान संरचना अनुसार यस केन्द्रलाई देहायका कार्यहरु गर्ने गरी कार्य विवरण प्रदान गरिएको छ ।

- तरकारी बालीहरुको जातीय संरक्षण एवं सम्वर्द्धन गर्ने,
- तरकारी बालीको विकास सम्बन्धि राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमामा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धि कार्य गर्ने,
- तरकारी बालीको बीउ तथा बेर्ना उत्पादन तथा वितरण गर्ने,
- तरकारी बाली उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा अन्य क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने,
- सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसंग समन्वय एवं सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवं आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (ब्अतष्यल इचभ्अलतभम) अध्ययन परीक्षण संचालन गर्ने,
- तरकारी बालीको विकास सम्बन्धमा राष्ट्रिय श्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- शहर केन्द्रित तरकारी उत्पादनको प्रविधि प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको तरकारी विकास सम्बन्धि अन्य कार्यहरु गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
तरकारी बाली विकास केन्द्र
खुमलटार, ललितपुर

CS CamScanner

## ३. तरकारीबाली विकास केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.सं. | पद | श्रेणी | पदपूर्तिको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरबन्दी | पदपूर्ति | रिक्त | |
| १ | वरिष्ठ बागवानी विकास अधिकृत | रा.प.द्वि.प्रा. | १ | १ | | केन्द्र प्रमूख |
| २ | बागवानी विकास अधिकृत | रा.प.तृ.प्रा. | २ | २ | | कार्य विवरण शाखागत जिम्मेवारी बमोजिम रहेको (बुँदा नं.५ मा समावेश गरिएको) |
| ३ | बाली संरक्षण अधिकृत | रा.प.तृ.प्रा. | १ | १ | | |
| ४ | प्राविधिक सहायक | रा.प.अनं.प्र.प्रा. | ३ | ३ | | |
| ५ | नायव प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | १ | १ | | |
| ६ | खरिदार | रा.प.अनं.द्वि.प्र. | १ | १ | | |
| ७ | सह लेखापाल | रा.प.अनं.द्वि.प्र. | १ | १ | | |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | २ | १ | १ | (१) करारबाट पूर्ति गरिएको |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | ३ | ३ | | (३) करारबाट पूर्ति गरिएको |
| जम्मा | | | १५ | १४ | १ | |

## ४. तरकारीबाली विकास केन्द्रबाट प्रदान गरिने सेवा

- तरकारीका मूल, उन्नत तथा हाईब्रीड बीउ उत्पादन तथा वितरण
- तरकारीका बेर्ना उत्पादन तथा वितरण
- कृषक तथा कृषि प्राविधिकहरुलाई तालिम तथा अन्य क्षमता विकासका कार्यक्रमहरू संचालन
- तरकारी खेती सम्बन्धी नवीनतम प्रविधिहरु प्रदर्शन
- कृषक तथा कृषि सरोकारवालाहरुलाई प्राविधिक सेवा तथा परामर्श
- प्राविधिक पुस्तिका तथा ब्राउसरहरु प्रकाशन तथा वितरण
- कृषकहरुको समस्यामा आधारित कार्यमुखी अध्ययन परीक्षण संचालन

## ५. तरकारीबाली विकास केन्द्रको शाखा र जिम्मेवारी

| क्र.सं. | शाखा | कार्य विवरण | जिम्मेवार अधिकारी |
|---|---|---|---|

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र
तरकारी बाली विकास केन्द्र
खुमलटार, ललितपुर

| | | | |
|---|---|---|---|
| १ | बागवानी शाखा | • वर्षिक कार्यतालिका अनुसार तरकारी बिउ तथा बेर्ना उत्पादन एवं बिक्री वितरण व्यवस्थापन<br>• कृषि प्राविधिक एवं कृषक तालिम कार्यक्रम संयोजन तथा सञ्चालन<br>• क्रप म्युजियम, प्रदर्शन प्लट तथा जर्मप्लाज्म संरक्षण प्लटहरुको व्यवस्थापन<br>• तरकारी बालीहरुमा भएगरेका तथा अन्य आधुनिक उन्नत प्रविधिहरुको खोज, अवलम्बन, अभिलेखिकरण<br>• फार्मको माटोको गुणस्तर व्यवस्थापन सम्बन्धी कार्यहरु<br>• विविध प्राविधिक पुस्तिका तथा ब्राउसर प्रकाशन तथा वितरण | सुस्मिता खनाल<br>भावना पौडेल |
| २ | बाली संरक्षण शाखा | • फार्मको तरकारी बिउ उत्पादन तथा नर्सरी प्लटहरुहरुको नियमित निरिक्षण गरी समस्या अनुरुपको उपचार विधिहरु अवलम्बन<br>• फार्ममा अपनाईएका बाली संरक्षणका उपयहरुबारे भएगरेका कार्यहरुको लेखाजोखा गरि तथ्य विवरणहरु अध्यावधिक<br>• बाली संरक्षणका कार्यक्रमहरु सञ्चालन<br>• केन्द्रमा सञ्चालन हुने प्राविधिक एवं कृषक तालिम कार्यक्रम आवश्यकता अनुसार संयोजन तथा सञ्चालन गर्ने ।<br>• विविध प्राविधिक पुस्तिका तथा ब्राउसर प्रकाशन तथा वितरण | कविता अधिकारी |
| ३ | योजना शाखा | • केन्द्रको वार्षिक कार्यक्रम र बजेट तर्जुमा<br>• प्रगति प्रतिवेदन तयारी<br>• केन्द्रको अन्य योजना सम्बन्धी कार्यहरु | कविता अधिकारी |
| ४ | प्रशासन शाखा | • केन्द्रको प्रशासनिक कार्यहरु<br>• खरिद सम्बन्धी कार्यहरु<br>• कर्मचारीहरुको अभिलेख अध्यावधिक<br>• कार्यालयको भौतिक सम्पतिको अभिलेखिकरण<br>• वार्षिक रुपमा जिन्सी निरिक्षण<br>• केन्द्रको पुराना जिन्सी माल सामानहरुको लिलाम सम्बन्धी कार्यहरु<br>• फार्म केन्द्रमा उत्पादित बिउ आदिको आम्दानी तथा खर्चको विवरण अध्यावधिक | राजु गौतम |
| ५ | आर्थिक प्रशासन शाखा | • विनियोजित वजेट अनुसारको निकासा र खर्चको व्यवस्थापन<br>• निकासा भएको रकमको हिसाब किताब अद्यावधिक<br>• राजश्व संकलन तथा दाखिला<br>• लेखा परिक्षणबाट कायम हुन आएको बेरुजुको फछ्यौटको लागि कारवाही | तारानाथ अधिकारी |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र
तरकारी बाली विकास केन्द्र
खुमलटार, ललितपुर

CamScanner

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

सार्वजनिक गरिएको नागरिक बडापत्र बमोजिमको दस्तुर र अवधि लाग्ने।

७. निवेदन/ उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त निवेदन तथा उजुरीहरु सम्बन्धित शाखामा पठाईने तथा शाखा प्रमुख बाट कार्यवाही प्रक्रिया अगाडी बढाईने।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

केन्द्र प्रमुख, श्री विजय कुमार गिरी

९. यस अवधिमा सम्पन्न गरेको कामको विवरण

आ.व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिभर सम्पन्न गरेको कार्यहरुको विवरण:

| क्र.सं. | कामको विवरण |
|---|---|
| १ | विभिन्न तरकारी बालीहरुको ७,६३,६१८ बिरुवा उत्पादन तथा बिक्रि वितरण गरिएको। |
| २ | गोलभेंडाको वर्णशंकर जात (सिर्जना)को ३.२ के.जी. बीउ उत्पादन तथा अघिल्लो त्रैमासिक/आ.व.को उत्पादन समेत गरी ३.६३८ के.जी. बिक्री गरिएको। |
| ३ | विभिन्न तरकारी बालीहरुको मूल तथा उन्नत बीउ ३ के.जी. उत्पादन तथा अघिल्लो त्रैमासिक/आ.व.को उत्पादन समेत गरी २६४.३२ के.जी. बिक्रि गरिएको। |
| ४ | तरकारी बिउ/ बेर्ना बिक्री तथा अन्य प्रशासनिक सेवा शूल्क मार्फत जम्मा रु. १६,३८,११७/- राजश्व संकलन भएको। |
| ५ | ४१९० जना (महिला: २५१५ र पुरुष: १६७५) सेवाग्राहीहरुलाई प्रत्यक्ष रुपमा बीउ/बेर्ना तथा प्राविधिक परामर्श लगायतका सेवाहरु उपलब्ध गराईएको। |
| ६ | करिब ५० जना कृषक तथा सहायकस्तर कृषि प्राविधिकहरुलाई उन्नत तरकारी खेती तथा तरकारी बीउ उत्पादन सम्बन्धी तालिम तथा बाली उपचार शिविर मार्फत प्राविधिक सेवा पुर्याइएको। |
| ७ | ढुसीजन्य बालीरोगहरुको व्यवस्थापनमा प्रयोग हुने जैविक विषादि ट्राइकोडर्माको अध्ययन तथा उत्पादन कार्य संचालन भएको। |
| ८ | स-साना कार्यमुखी अनुसन्धान संचालन गरिएको। |
| ९ | तरकारीका विभिन्न जर्मप्लाज्महरुको संकलन तथा संरक्षणको साथसाथै फार्म लगायत विभिन्न outreach site हरुमा उन्नत तरकारी खेती प्रविधि प्रदर्शन कार्य गरिएको। |

नेपाल सरकार
कृषि तथा पशुपन्छी
राष्ट्रिय आलु तरकारी तथा
तरकारी बाली
खुमलटार, ललितपुर

| | |
|---|---|
| १० | केन्द्रमा निर्मित भौतिक संरचनाहरुको सुदृढिकरण एवं जिर्ण भएका संरचनाहरु मर्मत गरी संचालनमा ल्याईएको तथा सेन्सरमा आधारित खेती प्रणाली अवलम्बनमा अघि बढिएको । |
| ११ | सेवाग्राहीमैत्री सुशासनको प्रत्याभुति गराइएको। |

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीः सुस्मिता खनाल, बागवानी विकास अधिकृत

प्रमुखः विजय कुमार गिरी, वरिष्ठ बागवानी विकास अधिकृत

## ११.ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

तरकारीबाली विकास केन्द्रको वेभसाईटमार्फत प्राप्त गर्न सकिने।

## १२.आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

| आम्दानी | खर्च |
|---|---|
| तरकारी बिउ/ बेर्ना बिक्री तथा अन्य प्रशासनिक सेवा शूल्क मार्फत जम्मा रु. १६,३८,११७/- आम्दानी भएको। | वीत्तिय खर्चः ६२.८१ (रु. लाखमा)<br>विनियोजनको तुलनामा खर्च प्रतिशतः ६१.१३ |

## १३.अघिल्लो आर्थिक वर्षमा तरकारीबाली विकास केन्द्रले सम्पादन गरेको प्रमुख कार्यक्रमहरुको विवरण

आ.व. २०८१/८२ अवधिभर संचालन तथा सम्पन्न गरेका कार्यक्रमहरुको विवरणः

| क.सं. | कामको विवरण |
|---|---|
| १ | विभिन्न तरकारी बालीहरुको ३६,७५,९७९ बिरुवा उत्पादन तथा बिक्रि वितरण गरिएको। |
| २ | गोलभेंडाको वर्णशंकर जात (सिर्जना)को १६.१४ के.जी. बीउ उत्पादन तथा अघिल्लो आ.व.को उत्पादन समेत गरी २०.५६ के.जी. बिक्री गरिएको। |
| ३ | विभिन्न तरकारी बालीहरुको मूल तथा उन्नत बीउ ३५९.९ के.जी. उत्पादन गरी ५३६.५ के.जी. बिक्रि गरिएको (अघिल्लो आ.व.को उत्पादन समेत बिक्री)। |
| ४ | तरकारी बिउ/ बेर्ना बिक्री तथा अन्य प्रशासनिक सेवा शूल्क मार्फत जम्मा रु. ५४,६२,४१९/- राजश्व संकलन भएको। |
| ५ | ६५४५ जना (महिलाः ३६९५ र पुरुषः २८५०) सेवाग्राहीहरुलाई प्रत्यक्ष रुपमा बीउ/बेर्ना तथा प्राविधिक परामर्श लगायतका सेवाहरु उपलब्ध गराईएको। |
| ६ | करिब १८० जना कृषकहरुलाई तरकारी खेती तथा तरकारी बीउ उत्पादन सम्बन्धी तालिम तथा बाली उपचार शिविर मार्फत प्राविधिक सेवा पुर्याइएको। |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र
तरकारी बाली विकास केन्द्र
खुमलटार, ललितपुर

| | |
|---|---|
| ७ | २१ जना सहायकस्तर कृषि प्राविधिकहरुलाई संरक्षित संरचनामा तरकारी खेती प्रविधि सम्बन्धी तालिम मार्फत क्षमता अभिवृद्धि गराईएको। |
| ८ | ढुसीजन्य बालीरोगहरुको व्यवस्थापनमा प्रयोग हुने जैविक विषादि ट्राइकोडर्माको अध्ययन तथा उत्पादन कार्य सुरु गरिएको। |
| ९ | केन्द्रमा निर्मित भौतिक संरचनाहरुको सुदृढिकरण एवं जिर्ण भएका संरचनाहरु मर्मत गरी संचालनमा ल्याईएको तथा सेन्सरमा आधारित खेती प्रणाली अवलम्बनमा अघि बढिएको । |
| १० | सेवाग्राहीमैत्री सुशासनको प्रत्याभुति गराइएको। |

१४.तरकारीबाली विकास केन्द्रको वेभसाईट

www.vcdc.gov.np

१५.तरकारीबाली विकास केन्द्रको सूचनाहरुको विवरण

तरकारीबाली विकास केन्द्रको सम्पूर्ण सूचनाहरु केन्द्रको वेभसाईट तथा फेसबुक पेज मार्फत जानकारी गराइएको।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र
तरकारी बाली विकास केन्द्र
खुमलटार, ललितपुर